# पञ्चकन्या गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
## लाकुरीभञ्ज्याङ, नुवाकोट
### बागमती प्रदेश, नेपाल

**प्रस्तावना पेश गर्ने सम्बन्धी सूचना।**

(मिति :२०७९/०५/०६ गते)

आ.व. २०७९।०८० मा संघीय सशर्त अनुदान मार्फत यस गाउँपालिकालाई प्राप्त तपसिलका कार्यक्रम कार्यान्वयन गर्नका लागि गाउँपालिका भित्र रहेका इच्छुक सामुदायिक विद्यालयले वि.व्य.स.को निर्णय र हालसम्म सो प्रकृतिका कार्यक्रममा छनौट नभएको भनी किटानी गरिएको सम्बन्धित वडाको सिफारिस सहित सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र तोकिएको ढाँचामा शिक्षा, युवा तथा खेलकुद शाखामा प्रस्तावना पेश गर्नुहुन सम्बन्धित सबैमा सूचित गरिन्छ ।

<u>तपसिलः</u>

| क्र.सं. | कार्यक्रमको विवरण | संख्या | प्रति कार्यक्रम अनुदान |
|---|---|---|---|
| १. | माध्यमिक विद्यालयमा पुस्तकालय स्थापना तथा व्यवस्थापन कार्यक्रम (फिक्सिङ, किताब खरिद तथा इ-पुस्तकालय समेत) | १ | ६ लाख ५० हजार |
| २. | माध्यमिक विद्यालयमा विज्ञान प्रयोगशाला अनुदान | १ | ६ लाख ५० हजार |
| ३. | उत्कृष्ट सिकाइ उपलब्धि भएका विद्यालयलाई सिकाइ सुदृढीकरण अनुदान | १ | २ लाख |
| ४. | तोकिएको सूचकाङ्कका आधारमा कार्य सम्पादन सम्पन्न गर्ने विद्यालयलाई कार्य सम्पादनमा आधारित अनुदान | ४ | ५० हजार |

<u>कार्यक्रम छनौटका आधारहरु</u>

१. विद्यालयमा कुनै पनि शीर्षकमा बेरुजु नभएको, समयमै कार्य सम्पादन सम्पन्न भएको र हालसम्म उल्लेखित कार्यक्रममा छनौट नभएको ।

२. वि.व्य.स., शि.अ. संघ र सामाजिक परीक्षण समितिको गठन भएको ।

३. शिक्षकको शिक्षण सिकाइमा बिताउने समयावधि सुधार योजना कार्यान्वयन गरेको ।

४. दिवा खाजा कार्यक्रम कार्यान्वयन गरेको ।

५. सामाजिक परीक्षण तथा आर्थिक लेखापरीक्षण समयमै सम्पन्न गरेको ।

६. कार्यक्रम नं.१ र २ को हकमा पर्याप्त भवन र कक्षाकोठा भएको ।

७. कार्यक्रम नं. ४ को हकमा विद्यालय अनुदान व्यवस्थापन निर्देशिका, २०७४ को अनुसुची ३ बमोजिम उच्च अङ्क प्राप्त गर्ने विद्यालयहरु ।

२०७९।०५।०६

(राममणि काफ्ले)

प्रमुख प्रशासकीय अधिकृत